आज मिति २०८२ साल साउन महिनाको ८ गतेका दिन बिहानको ८:०० बजे झिमरुक गाउँ कार्यपालिकाको आ.व.२०८२/८३ को पहिलो बैठक झिमरुक गाउँपालिकाका अध्यक्ष श्री पित बहादुर महतरा क्षेत्रीज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बसी निम्न बमोजिमको प्रस्ताव माथि छलफल गरी देहाय वमोजिम निर्णय गरियो ।

उपस्थिति

| हस्ताक्षर | नाम | पद |
|---|---|---|
| | पित बहादुर महतरा क्षेत्री | झिमरुक गाउँ कार्यपालिका अध्यक्ष |
| | प्रमोद पोखेल | झिमरुक गाउँ कार्यपालिका उपाध्यक्ष |
| | धुवराज खनाल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण प्रसाद पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | मिनबहादुर खत्री | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | सिताराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | दधिराम पोखेल | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | धन बहादुर पुन | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कृष्ण बहादुर जि.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलस बहादुर बस्नेत | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | संगिता परियार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | पार्वता बि.क. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | तुलसा के.सी. | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | कल्पना थापा (एम.सी.) | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | चोप बहादुर बि.क | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | हरी सुनार | झिमरुक गाउँ कार्यपालिका सदस्य |
| | बोधिराम पोखेल | ५ नं. वडा का.वा अध्यक्ष |
| | रण बहादुर खड्का | ३ नं. वडा का.वा अध्यक्ष |
| | विकास के.सी. | प्रमुख प्रशासकीय अधिकृत |
| | हरि प्रसाद पोखेल | प्रशासन शाखा प्रमुख (अधिकृत छैठौं) |
| | अशोक जि.सी. | ईन्जिनियर |
| | दामोदर उपाध्या | का.स. |

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. १ गत बैठकको समिक्षा सम्वन्धमा ।**

**निर्णय नं १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा झिमरुक गाउँ कार्यपालिकाको मिति २०८२/३/२१ गते बसेको सोहौं बैठकबाट आ.व. २०८१/८२ को तेस्रो चौमासिकको सार्वजनिक सुनुवाई मिति २०८२/३/२४ गते दिनको ११:०० बजे सभाहलमा गर्ने निर्णय वमोजिम कार्यक्रम गरी सम्पन्न भएको, आ.व. २०८१/८२ मा भुक्तानी गर्नुपर्ने योजनाका फाईलहरु समयमा नै गाउँपालिकामा पेस नभएका कारण कतिपय योजनाको भुक्तानी हुन नसकेको, विभिन्न शीर्षकमा वजेट अपुग भएको हुँदा स्रोतको सुनिश्चितता गरी भुक्तानी दिईएको, विगत आ.व.हरुको बेरुजु फछ्यौटको लागि प्रक्रिया अगाडि वढाउने निर्णय अनुसार फछ्योटको कार्य अगाडि वढाईएको, आ.व. २०८०/८१ मा ठेक्का प्रक्रियाबाट कार्य सञ्चालन भएका ३ वडा आयोजनाहरुको म्याद थप गरिएको हुँदा म्याद थप पश्चात भएको कामको भुक्तानी दिईएको, दिर्घ रोगीहरुलाई उपलब्ध गराउदै आएको मासिक ५ हजार रुपैंया समयमानै निकासा नभएको हुँदा सोधभर्ना हुनेगरी स्रोतको सुनिश्चित गरी भुक्तानी दिईएको, जन्मजात हेमोफिलिया भएका ३ नं. वडा निवासी हरि वहादुर थापालाई आर्थिक सहयोग उपलब्ध गराउने निर्णय वमोजिम आर्थिक सहयोग उपलब्ध गराईएको लगायतका विषयमा समिक्षा गरियो ।

**प्रस्ताव नं. २ पन्ध्र शैया प्राथमिक अस्पताल भवन निर्माण कार्यको म्यादथप सम्वन्धमा ।**

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफल गर्दा आ.व. २०७९/८० देखि वहुवर्षिय योजनाको रुपमा नेपाल सरकार संघीय सर्शत अनुदानबाट छनोट भई रकम विनियोजन भएको तपसिल वमोजिमको योजना ठेक्का मार्फत कार्यान्वयनको प्रक्रिया अगाडि वढाईएकोमा निर्माण कम्पनीले निर्माण कार्य ढिलो हुनुको विभिन्न कारण खुलाई २१ दिन अगावै कार्यालयमा ठेक्काको म्यादथप गरी पाउँ भनी निवेदन पेस गरेको र पूर्वाधार विकास तथा भवन नियमन शाखावाट आयोजनाको विस्तृत अध्ययन गर्दा निर्माण कार्य प्रारम्भ गरिए पनि कामको सुरुवाती चरणमा करिव ६ महिनासम्म समुदायको जग्गा विवादको कारणले, करिव ३ महिना दक्ष जनशक्तिको अभावको कारणले ढिला भएको, हाल आएर भवन डिजाईन अनुसार ब्लक A को RCC Structure सम्पन्न भएको, ब्लक B को Upper Tie beam सम्म सम्पन्न भएको देखिएको, पहिलेको सुरुवाती चरणको तुलनामा हाल निर्माण कार्यको स्थलगत निरिक्षण गर्दा छिटो भएको र करिव ६० प्रतिशत भौतिक प्रगति भएको भनी पूर्वाधार तथा भवन नियमन शाखावाट टिप्पणी पेस भएको हुँदा उक्त विषयमा विस्तृत छलफल भई कार्यालयलाई थप आर्थिक भार नपर्ने गरी सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा व्यवस्था भए वमोजिम १५ महिनाको लागि म्यादथप गर्ने सर्वसम्मत निर्णय गरियो ।**तपसिल**

| क्र.स | आयोजनाको नाम र ठेगाना | ठेक्का नं. | कम्पनीको नाम र ठेगाना | सम्झौता रकम रु (मु.अ.कर सहित) | सम्झौता मिति | म्याद समाप्त हुने मिति | म्याद थप गरिए को मिति |
|---|---|---|---|---|---|---|---|
| १ | Construction of 15 Bed Primary Hospital at Jhimruk Rural Municipality | Conteact ID: JRM/NCB/WORKS /01/2079/080 | नव सिर्जनशिल एस.जे.भि. सिनामगंल-९, काठमाडौं | २३,०८,४१,२५७.३० | २०७९/१०/११ | २०८२/४/१० | २०८३/७/९ |

विकास के.सी.

प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव नं. ३ झिमरुक नदी र गतङ्गखोलाको नदी जन्य पदार्थहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ३**

प्रस्ताव नं ३ माथि व्यापक छलफल गर्दा झिमरुक गाउँपालिका क्षेत्रभित्र पर्ने झिमरुक नदी र गतङ्गखोलामा रहेको नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी तथा वालुवा उत्खनन् र संकलन कार्यको लागि प्रारम्भिक वातावरर्णीय परीक्षण (IEE) गर्नु पर्ने भएको हुँदा यथासिघ्र प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न नियमानुसारको विधि अवलम्बन गरी कार्य प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो ।

**४. विविध सम्वन्धमा ।**

**विविध (क) पुष्प रोपण सम्वन्धमा ।**

**निर्णय नं. ४ ( क )**

प्रस्ताव नं ४ (क) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा समावेश भई वजेट विनियोजन भएको पालिका सडक पुष्परोपण कार्यक्रमवाट मदन भण्डारी राजमार्ग मच्छी, सौतामारेखण्डको भ्यागुतेदेखि झिमरुक गाउँपालिकाको प्रशासकीय भवन जाने सडकको दायाँवायाँ किनारामा मिति २०८२ साउन मसान्त भित्र वोट विरुवा र सुगन्धित पुष्पहरु रोप्ने कार्य प्रक्रिया अगाडि वढाउन सर्वसम्मत निर्णय गरियो ।

**विविध (ख) चिस्यान केन्द्र सञ्चालनको निमित्त आवश्यक भौतिक पूर्वाधार व्यवस्थापन सम्वन्धमा ।**

**निर्णय नं. ४ ( ख )**

प्रस्ताव नं. ४ (ख) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको आ.व.२०८२/८३ को वार्षिक स्वीकृत कार्यक्रममा समावेश भई वजेट विनियोजन भएको चिस्यान केन्द्र सञ्चालनको निमित्त आवश्यक भौतिक पूर्वाधार व्यवस्थापनको लागि आवश्यक पर्ने औजार तथा उपकरणहरु खरिद तथा जडानको लागि तत्काल नियमानुसार लागत अनुमान तयार गरी प्रक्रिया अगाडि वढाई चिस्यानकेन्द्र सञ्चालनमा ल्याउने सर्वसम्मत निर्णय गरियो ।

**विविध (ग) मोटरबाटाहरु मर्मत सम्वन्धमा ।**

**निर्णय नं. ४ ( ग )**

प्रस्ताव नं. ४ (ग) माथि छलफल गर्दा झिमरुक गाउँपालिकाको ८ वटै वडाहरुमा वर्षादको समयमा पहिरो गई, खाल्डाखुल्टी परी, भल तथा वाढी पसी, नाली बन्द हुन गई मोटरवाटाहरु अवरुद्ध हुन गई दैनिक सवारी साधनहरुको आवागमनमा समस्या सिर्जना हुने हुँदा उक्त समस्या तत्काल समाधान गर्न गाउँपालिकाको नाममा रहेको व्याक हु लोडर प्रयोगलाई प्राथमिकता दिने, गा.पा.को व्याक हु लोडर अनेत्र काममा प्रयोग भएको अवस्थामा तत्काल कुनै वडामा मोटरवाटो मर्मत गर्नु पर्ने अवस्था आएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम (४) वमोजिम दरभाउ पत्र माग गरी मोटरवाटो मर्मत गर्ने व्यवस्था मिलाउने र प्रत्येक ३/३ महिनामा प्रत्येक वडामा मोटरवाटो मर्मत कार्यमा भएको खर्च रकम भुक्तानी हुने गरी कार्य प्रक्रिया अगाडि वढाउने सर्वसम्मत निर्णय गरियो । साथै सडक मर्मत तथा निर्माण कार्यसँग सम्वन्धित व्यवसायीहरुको जानकारीको लागि सूची दर्ता गर्न १५ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने सर्वसम्मत निर्णय गरियो ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत

विविध (घ) आर्थिक सहायता सम्वन्धमा ।

**निर्णय नं. ४ (घ)**

प्रस्ताव नं. ४ (घ) माथि छलफल गर्दा माथि छलफल गर्दा तपसिल वमोजिमका व्यक्तिले आर्थिक सहयोग मागको लागि पेस गरेको निवेदनको विषयमा व्यापक छलफल गरी तपसिलमा उल्लिखित शीर्षकवाट आर्थिक सहयोग रकम उपलव्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

तपसिल

| क्र.स | आर्थिक सहयोग माग गर्ने व्यक्तिको नाम ठेगाना | आर्थिक सहयोग उपलब्ध गराउने प्रयोजन | रकम रु | शीर्षक |
|---|---|---|---|---|
| १ | झिमरुक-५,मच्छी निवासी शिव वहादुर जि.सी.घरमा विद्युत सट हुनगई आगलागी भई क्षेती भएकोले आर्थिक सहयोग उपलव्ध गराउने सम्वन्धी प्रहरी मुचुल्का सहित पेस भएको निवेदन अनुसार | निवेदकको झिमरुक-५, मच्छीमा रहेको घरमा मिति २०८२/४/४ गते विद्युत तार सर्ट भई आगोलागी भएको हुँदा आर्थिक सहयोग | ३५,०००। | विपद् व्यवस्थापन कोष |

विविध (ङ) चार कोठे विद्यालय भवन निर्माण सम्वन्धमा ।

**निर्णय नं. ४ (ङ)**

प्रस्ताव नं. ४ (ङ) माथि छलफल गर्दा संघीय सर्शत अनुदानको रुपमा आ.व. २०८२/८३ को लागि **निर्मित गुरुयोजनाका आधारमा स्थानीयतहको साझेदारीमा विद्यालयको भौतिक निर्माण अनुदान** शीर्षकमा प्राप्त भएको रकमवाट विद्यालयको भौतिक पूर्वाधार निर्माण गर्न आवश्यक भए/नभएको एकिन गरी प्राथमिकताक्रम निर्धारण गर्नुपर्ने भएकोले झिमरुक गाउँपालिकाका सामुदायिक विद्यालयहरुवाट प्रस्ताव माग गर्नको लागि ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने र प्राप्त निवेदनहरु संकलन पश्चात आवश्यक निर्णय लिने सर्वसम्मत निर्णय गरियो ।

अन्तमा आजको वैठक शौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो ।

झिमरुक गाउँ कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणिकरण (कार्यविधि) नियमावली, २०७४ को नियम ५ वमोजिम प्रमाणित गर्दछु ।

विकास के.सी.
प्रमुख प्रशासकीय अधिकृत